apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २१० ● पृष्ठः ४ ● ३१ साउन २०८३ आइतबार (16 August 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## लहान अस्पतालमा तत्काल ट्रमा युनिट सञ्चालन हुन्छः स्वास्थ्यमन्त्री मेहता

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ३० गते**

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सिरहाको लहानस्थित प्रादेशिक अस्पतालमा तत्काल ट्रमा युनिट सञ्चालनमा ल्याइने बताएकी छन् । ट्रमा सेन्टरको दीर्घकालीन संरचना निर्माण सम्पन्न हुन समय लाग्ने भएकाले हाल उपलब्ध पूर्वाधार र जनशक्तिको उपयोग गर्दै ट्रमा युनिटबाट सेवा सुरु गर्न लागिएको उनले बताइन् ।



शनिबार लहानमा प्रस्तावित ट्रमा सेन्टर निर्माणस्थलको निरीक्षण तथा कार्यक्रममा सहभागी हुँदै मन्त्री मेहताले राजमार्गमा हुने दुर्घटनामा गम्भीर घाइते हुने नागरिकलाई समयमै उपचार उपलब्ध गराउने उद्देश्यले तत्काल ट्रमा सेवा सञ्चालन र दीर्घकालीन रूपमा ट्रमा सेन्टर निर्माणको काम सँगसँगै अघि बढाइएको बताइन् ।

पूर्ण क्षमताको ट्रमा सेन्टर सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर), भवन निर्माण तथा विभिन्न विधाका विशेषज्ञ चिकित्सकको व्यवस्थापन गर्न समय लाग्ने भएकाले त्यसअघि नै नागरिकलाई सेवा उपलब्ध गराउन ट्रमा युनिट सञ्चालन गर्न लागिएको उनको भनाइ छ ।

"ट्रमा सेन्टर दीर्घकालीन प्रक्रिया हो, जसका लागि बहुविशेषज्ञ चिकित्सक आवश्यक पर्छन् । तर लहान राजमार्गमा अवस्थित भएकाले यहाँ उपलब्ध पूर्वाधारलाई उपयोग गर्दै तत्काल ट्रमा युनिट सुरु गर्न सकिन्छ," मन्त्री मेहताले भनिन् ।

उनका अनुसार लहानस्थित प्रादेशिक अस्पतालमा सीटी स्क्यान, ब्लड बैंकलगायत ट्रमा सेवा सञ्चालनका लागि आवश्यक आधारभूत पूर्वाधार उपलब्ध छन् । बिरामीको चापसमेत पर्याप्त रहेकाले उपलब्ध संरचना र जनशक्तिको प्रभावकारी उपयोग गर्दै ट्रमा सेवा सञ्चालन गर्न सकिने उनले बताइन् ।

बाँकी पृष्ठ ३ ▶▶

## विष्णुपुर गाउँपालिकाद्वारा ठेक्का तोड्ने चेतावनीसहित १५ दिने सूचना




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ३० गते**

निर्माण कार्यमा ढिलासुस्ती गरेको भन्दै सिरहाको विष्णुपुर गाउँपालिकाले प्रशासकीय अधिकृत भवन निर्माणको ठेक्का पाएको निर्माण कम्पनीलाई १५ दिनभित्र स्पष्ट जवाफ पेस गर्न सूचना जारी गरेको छ ।

गाउँपालिकाले शुक्रबार प्रथम पटक सूचना प्रकाशित गर्दै निर्माण व्यवसायी विकास/राम जानकी जे.भी. लाई ठेक्का अन्त्य किन नगर्ने भन्ने विषयमा स्पष्टीकरण मागेको हो । तोकिएको अवधिभित्र चित्तबुझ्दो जवाफ नआए ठेक्का तोड्ने प्रक्रिया अघि बढाउने गाउँपालिकाले चेतावनी दिएको छ ।

गाउँपालिकाका अनुसार निर्माण कार्यको प्रगति अत्यन्त न्यून रहेको छ । कार्यालयले पटक-पटक लिखित तथा मौखिक रूपमा निर्माण कार्य अघि बढाउन निर्देशन दिए पनि अपेक्षित प्रगति हुन नसकेको जनाएको छ ।

बाँकी पृष्ठ २ ▶▶

## सरकारी जग्गाको अतिक्रमण हटाउन अदालतको आदेश कुर्दै राजविराज नगरपालिका

**अपन दैनिक संवाददाता**
**राजविराज, साउन ३० गते**

सप्तरीको राजविराज नगरपालिकाले सार्वजनिक सूचना जारी गरेको ३ महिना भइसक्दा पनि मुख्य बजारकै सरकारी जग्गाको अतिक्रमण खाली गराउन सकेको छैन् ।




कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)ले आफ्नो स्वामित्वमा रहेको साविक वडा ७ हाल ६ को कित्ता नं ९० को २ कट्ठा १४ धुर अतिक्रमित जग्गा खाली गराइदिन पालिकालाई पटक-पटक ताकेता गरेपछि प्रक्रिया थालिएको थियो । तर, ती जग्गामा घर बनाएका स्थानीय उज्जवल झाले ताकेता भइरहँदाकै बेला गत वैशाख २१ मा निषेधाज्ञा माग्दै उच्च अदालत जनकपुर, राजविराज इजलासमा रिट दायर गरेपछि त्यसबेला प्रक्रिया अघि बढेन ।

वैशाख २४ मा रिटमाथि सुनुवाइ हुँदा न्यायाधीशद्वय नरिश्वर भण्डारी र नरेशकुमार चौधरीको संयुक्त इजलासले 'कानून बमोजिम हुने काम कारबाही रोक्न अन्तरिम आदेश जारी गर्न नमिल्ने' भनी आदेश गरेपछि पालिकाले थप प्रक्रिया अघि बढाएको थियो ।

वैशाख २८ मा नगर कार्यपालिकाको बैठक बसेर अतिक्रमण हटाउन पालिकाले वैशाख ३० मा ७ दिने सूचना जारी गरेको थियो । तर, झाले पुनः वैशाख २९ मा परमादेश माग्दै दायर गरेको रिटमाथि भोलिपल्ट सुनुवाइ हुँदा न्यायाधीश रामबहादुर थापाको एकल इजलासले 'विषयवस्तुको प्रकृति र गम्भीर्यता हेर्दा दुवै पक्षको छलफल सुनी अन्तरिम आदेश जारी हुने वा नहुने' भनी निर्क्यौल गर्नका लागि अर्को पेसी तोकिँदा अतिक्रमण हटाउने कार्य लम्बिएको हो ।

'कोलेनिकाको पत्राचारपछि ती जग्गाको अतिक्रमण खाली गर्न नगर कार्यपालिकाको बैठकबाट सर्वसम्मतिबाट निर्णय भएर सार्वजनिक सूचना जारी गरेका थियौं,' पालिकाका सूचना अधिकारी सुरेशकुमार यादवले भने, 'त्यसबखत अदालतबाट तत्काल कोलेनिकाको पत्र कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश भएपछि थप प्रक्रिया अघि बढेन ।' अहिले आफुहरु अतिक्रमण हटाउन अर्को आदेश पर्खिरहेको सूचना अधिकारी यादवको भनाइ छ ।

उक्त इजलासले चलानी नं

बाँकी पृष्ठ ४ ▶▶

## मधेश प्रदेशमा निजामती तथा स्थानीय सेवाका कर्मचारीको तलबमान स्वीकृत

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ३० गते**

मधेश प्रदेश सरकारले प्रदेश निजामीत सेवा तथा स्थानीय सेवाका सम्पूर्ण श्रेणी र तहका कर्मचारीहरूको सुरूको स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गरी नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड संख्या स्वीकृत गरेको छ ।




शुक्रबार मधेश भवनस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सम्पन्न मन्त्रिपरिषद् बैठकले यो निर्णय गरेको हो ।

चालु आर्थिक वर्षको बजेट वक्तव्यको बुँदा नम्बर १११ को व्यवस्थाबमोजिम गत साउन १ गतेदेखि लागू हुने गरी नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड संख्या स्वीकृत गर्ने निर्णय भएको मुख्यमन्त्री कृष्णप्रसाद यादवको सचिवालयले जनाएको छ ।

त्यस्तै कर्मचारीको मनोबल उच्च बनाउँदै सेवा प्रवाहलाई नतिजामुखी र पारदर्शी बनाउन सुरू तलब स्केलको अधिकतम १० प्रतिशतसम्म कार्यसम्पादनमा आधारि प्रोत्साहन भत्ता प्रदान गर्ने सम्बन्धी कार्यविधि बैठकले स्वीकृत गरेको छ ।

**यी हुन् मन्त्रिपरिषद् बैठकले गरेका निर्णय :**

१. कृषि तथा खाद्य प्रणाली रूपान्तरण सम्बन्धी जलवायु अनुकूलन लगानी योजना अनुमोदन

जलवायु परिवर्तनले मधेश प्रदेशको कृषि क्षेत्रमा पारेको नकारात्मक असरलाई न्यूनीकरण गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयद्वारा पेस गरको "Climatic Adaptation Investment Planning for Climate Resilient Value Chains for Food System Transformation in Madhesh Province, Nepal" विषयक अध्ययन प्रतिवेदनलाई मन्त्रीपरिषद्ले सर्वसम्मतिले अनुमोदन गरेको छ । साथै, उक्त प्रतिवेदनका निष्कर्ष तथा रणनीतिहरूलाई कार्यान्वयनमा ल्याउन र सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा सार्वजनिक गर्ने

बाँकी पृष्ठ ३ ▶▶

## क्यानडा पठाइदिन्छु भन्दै १२ लाख ८० हजार रुपैयाँ ठगी



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ३० गते**

वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिने प्रलोभन देखाइ १२ लाख ८० हजार रुपैयाँ ठगी गर्ने एक जनालाई प्रहरीले काठमाडौंबाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिरहा नगरपालिका-७ स्थायी घर भई हाल ललितपुरको टिकाथली बस्ने ३२ वर्षीय

बाँकी पृष्ठ ३ ▶▶

## कारागारबाट फरार कैदीको संख्या ठूलो छः आईजीपी कार्की

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन ३० गते**

कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा विभिन्न कारागार तथा हिरासतमा रहेका थुनुवा एवं कैदीबन्दीहरूको मानव अधिकारको अवस्था सम्बन्धी निरीक्षण तथा अवलोकन उपसमितिको प्रतिवेदन, २०८३ माथि छलफल तथा सुझाव सङ्कलन गरिएको छ ।

साथै, बाल सुधार गृहमा रहेका बालबालिकाको मानव अधिकारको अवस्थासम्बन्धी निरीक्षण तथा अवलोकन उपसमितिले समितिमा पेस गरेको प्रतिवेदन, २०८३ पारित गर्ने सम्बन्धमा पनि छलफल भएको छ ।

बैठकमा प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीले कारागार तथा हिरासत व्यवस्थापन र



फरार कैदीबन्दीको खोजीका विषयमा जानकारी गराएका छन् ।

आईजीपी कार्कीले सप्तरी, सिरहा र बाँकेका कारागारमा भएका घटनाका कारण सुरक्षाकर्मीले लामो समय लगाएर विभिन्न सुरक्षा उपाय अपनाउँदै कैदीबन्दीलाई स्थानान्तरण गर्नुपरेको बताए ।

उनले हिरासत तथा कारागार स्थानान्तरणको विषयमा अवलोकन

बाँकी पृष्ठ ४ ▶▶



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## चर्को गर्मी र विद्यालयको बालमैत्री पूर्वाधार !

गर्मी बढेसँगै सिरहासहित तराई-मधेशका जिल्लामा जनजीवन प्रभावित हुने गरेको छ। चर्को घाम, तातो हावा र बढ्दो तापक्रमका कारण घरबाहिर निस्कनसमेत कठिन हुने अवस्थामा विद्यालय जाने बालबालिकाले झन् ठूलो समस्या भोग्नुपरेको छ। यस्तो अवस्थामा बालबालिकालाई सुरक्षित, सहज र स्वास्थ्यअनुकूल वातावरणमा पठनपाठन गराउने विषयलाई विद्यालयको प्राथमिकतामा राखिनुपर्छ। सिरहा जिल्लाका धेरै सामुदायिक विद्यालयमा अझै पनि जस्तापाताले छाएका भवन वा अस्थायी प्रकृतिका संरचनामा विद्यार्थी पढ्न बाध्य छन् । जस्तापाताको छानो गर्मीमा अत्यधिक तात्ने भएकाले कक्षाकोठाभित्रको तापक्रम बाहिरभन्दा पनि बढी हुने अवस्था देखिन्छ। पंखा भए पनि तातो हावा मात्र चल्ने र पर्याप्त हावा आवतजावत नहुने कक्षाकोठामा लामो समय बस्दा विद्यार्थीलाई असहज हुने मात्र होइन, स्वास्थ्यमा समेत प्रतिकूल असर पर्न सक्छ । विद्यालय भनेको किताब पढाउने स्थान होइन, बालबालिकाको शारीरिक र मानसिक विकास हुने सुरक्षित वातावरण पनि हो। अत्यधिक गर्मीमा कक्षाकोठा नै अस्वस्थकर भएपछि विद्यार्थीको पढाइप्रतिको ध्यान घट्नु स्वाभाविक हो।

गर्मीका कारण टाउको दुख्ने, कमजोरी महसुस हुने, शरीरमा पानीको कमी हुने तथा अन्य स्वास्थ्य समस्या देखिन सक्ने जोखिमसमेत रहन्छ। त्यसैले विद्यालयको भौतिक पूर्वाधारलाई शिक्षा र स्वास्थ्य दुवैसँग जोडेर हेर्न आवश्यक छ। अब विद्यालय भवन निर्माण गर्दा केवल चारवटा पर्खाल र छानो बनाउने परम्परागत सोचबाट माथि उठ्नुपर्छ। गर्मीलाई ध्यानमा राखेर हावाप्रकाश पर्याप्त हुने कक्षाकोठा, ताप कम गर्ने छाना, उचित भेन्टिलेसन, पंखा तथा आवश्यकताअनुसार कुलिङको व्यवस्था, स्वच्छ खानेपानी, पर्याप्त शौचालय र हरियालीयुक्त विद्यालय परिसर निर्माण गर्नुपर्छ। सम्भव भएसम्म जस्तापाताका अस्थायी भवनलाई विस्थापित गरी बालमैत्री र मौसमअनुकूल पक्की संरचना निर्माण गर्न स्थानीय, प्रदेश र संघीय सरकारले प्राथमिकता दिनुपर्छ। विशेषगरी सिरहाका सामुदायिक विद्यालयमा रहेका कमजोर भौतिक संरचनाको तत्काल अध्ययन गरी कुन विद्यालयलाई कस्तो पूर्वाधार आवश्यक छ भन्ने पहिचान गर्नुपर्छ। बजेट विनियोजन गर्दा भवन निर्माणलाई मात्र उपलब्धि मान्ने होइन, त्यस भवनभित्र विद्यार्थीले कस्तो वातावरणमा पढिरहेका छन् भन्ने विषयलाई पनि मूल्यांकनको आधार बनाउनुपर्छ। बालबालिकाको स्वास्थ्य बिगारेर हासिल गरिएको शिक्षा दिगो हुन सक्दैन। त्यसैले चर्को गर्मीमा विद्यालय सञ्चालन गर्दा वैकल्पिक समय निर्धारण गर्ने, अत्यधिक गर्मी भएका दिनमा आवश्यक निर्णय गर्ने र विद्यालयमा पर्याप्त खानेपानी तथा प्राथमिक उपचारको व्यवस्था गर्ने विषयमा पनि स्थानीय तह र विद्यालय प्रशासन संवेदनशील हुनुपर्छ।

सिरहाका बालबालिकाले गर्मीमा तातो जस्तापातामुनि बसेर शिक्षा लिनुपर्ने बाध्यताको अन्त्य गर्न अब ठोस पहल आवश्यक छ। विद्यालयको पूर्वाधारमा गरिएको लगानी केवल भवन निर्माणमा गरिएको खर्च होइन। त्यो बालबालिकाको स्वास्थ्य, गुणस्तरीय शिक्षा र भविष्यमा गरिएको लगानी हो। त्यसैले सम्बन्धित स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार र विद्यालय व्यवस्थापन समितिले यस विषयलाई गम्भीरतापूर्वक लिएर मौसमअनुकूल, सुरक्षित र बालमैत्री विद्यालय निर्माणलाई प्राथमिकता दिनुपर्छ। अनिमात्र बालबालिकाले शिक्षासंगै स्वास्थ्य सुरक्षा पनि पाउन सक्छ।

## विष्णुपुर गाउँपालिकाद्वारा ठेक्का तोड्ने ...........

निर्माण व्यवसायीले पेस गरेको संशोधित कार्यतालिका, माइलस्टोन तथा कामको प्राथमिकताअनुसार निर्माण सम्पन्न गर्न आवश्यक तदारुकता नदेखाएको गाउँपालिकाको भनाइ छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२क) बमोजिम जारी सूचनामा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्झौताको मर्म र कानुनी परिधिभित्र रही स्पष्ट प्रमाण तथा आधारसहित जवाफ पेस गर्न भनिएको छ। साथै, सोही अवधिमा निर्माण कार्यलाई द्रुत गतिमा अघि बढाउन निर्देशन दिइएको छ।

तोकिएको समयभित्र उचित जवाफ पेस नगरेमा वा निर्माण कार्यले गति नलिएमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौताका शर्तबमोजिम ठेक्का अन्त्य गर्ने प्रक्रिया अघि बढाइने गाउँपालिकाले जनाएको छ।

# चुलो निभ्दाको आक्रोश

✍ **नवीन राई**



देश अहिले 'ग्यासमय' छ । तर विडम्बना के छ भने ग्यासले होइन, ग्यासको अभावले । बिहानैदेखि डिलरका अगाडि मानिसको ताँती हुन्छ । सामाजिक सञ्जालभरि आक्रोश छ, संसद्भित्र सरकारमाथि प्रश्न छ । तर सरकारको एउटै रेडिमेट जवाफ छ- 'ग्यासको अभाव छैन ।'

यदि अभाव छैन भने हजारौं मानिस किन घण्टौं लाइनमा उभिन बाध्य छन् ? यदि आपूर्ति सहज छ भने एउटा सिलिन्डरका लागि मानिसले किन पूरै दिन खर्चनुपरेको छ ? यदि सबै कुरा सामान्य छ भने जनताको सबैभन्दा आधारभूत आवश्यकता नै किन असामान्य बनेको छ ?

यही प्रश्नको उत्तर खोज्दा एउटा गम्भीर सत्य भेटिन्छ- अहिलेको संकट ग्यासको मात्र होइन, अविश्वासको पनि हो। सरकारले तथ्याङ्क देखाइरहेको छ, जनताले आफ्नो बाध्यता भोगिरहेका छन् । तथ्याङ्क भन्छ- ग्यास आएको छ। तर जनताको चुलो भन्छ- 'ग्यास पुगेको छैन ।'

भान्साको आगो कहिल्यै राजनीति भन्दा सानो विषय हुन सक्दैन । किनकि, संसद् केही घण्टा रोकिए पनि देश चलिरहन्छ, तर एउटा घरको चुलो निभ्यो भने त्यो परिवारको दिन नै रोकिन्छ। एउटा सिलिन्डर केवल फलामको भाँडो होइन, त्यसभित्र सर्वसाधारणको दैनिकी अड्किएको हुन्छ।

वास्तवमा, अहिलेको संकट एकै दिनमा जन्मिएको होइन । यो वर्षौंदेखि थुप्रिँदै आएको कमजोर योजना, प्रतिक्रियात्मक शासन, अव्यवस्थित बजार र नागरिक मनोविज्ञानको संयुक्त परिणाम हो। अहिले देखिएको ग्यासको लाइन वास्तवमा सिलिन्डरको मात्र होइन, राज्यको असफल व्यवस्थापनको लाइन हो।

सबैभन्दा पहिले संकट चर्काउने निर्णयतर्फ फर्किनुपर्छ। केही महिना अघि ग्यासको अभाव भएपछि नेपाल आयल निगमले आधा सिलिन्डर वितरण गर्ने व्यवस्था लागू गऱ्यो । त्यसबेला त्यो निर्णयलाई अस्थायी राहतका रूपमा हेरियो । तर, केही समयपछि, पर्याप्त तयारीविना नै एकाएक फेरि पूरै सिलिन्डर वितरण गर्ने निर्णय गरियो । भनिन्छ, त्यही निर्णियले अभाव निम्त्यायो।

यही हतारको निर्णयले बजारको सन्तुलन भत्काइदियो। केही महिनादेखि घर-घरमा थन्किएका खाली सिलिन्डर एकैपटक बजारमा फर्किए। फेरि आधा सिलिन्डरको व्यवस्था आउला, अहिल्यै भरिहालौं भन्ने सोचेर मानिसहरू लाइन बसे। त्यसैले वास्तविक खपतभन्दा धेरै ठूलो कृत्रिम माग सिर्जना भयो।

यसले एउटा गम्भीर प्रश्न उठाउँछ- नीति बनाउँदा सरकारले व्यावहारिक परिणामको अनुमान किन गर्न सकेन ? कुनै पनि नीति कागजमा मात्र सफल भएर पुग्दैन, त्यसले बजार, उपभोक्ता र आपूर्ति प्रणालीमा पार्ने प्रभाव पनि बुझ्नुपर्छ। दुर्भाग्यवश, यहाँ निर्णय त भयो, तर त्यसको परिणामको हिसाब भएन । यही कारण अहिलेको संकट केवल सिलिन्डरको होइन, नीतिगत दूरदर्शिताको अभावको परिणाम हो।

दोस्रो प्रश्न, नेपाल आयल निगमको तयारीसँग जोडिन्छ। आधा सिलिन्डरको नियम हटाउँदा माग अस्वाभाविक रूपमा बढ्छ भन्ने सम्भावना प्रस्टै छँदा निगमले किन अतिरिक्त ग्यास आयात गरेन ? किन भण्डारण बढाएन ? किन वितरण केन्द्रहरूलाई थप तयारी अवस्थामा राखिएन ?

संकट आउनुअघि नै तयारी गर्नु सुशासनको आधार हो । तर हाम्रो प्रशासनिक संस्कृतिमा समस्या बल्झिएपछि मात्र दौडिने प्रवृत्ति गहिरोसँग गडेको छ। नेपालमा राज्य जहिल्यै आगो लागेपछि मात्र पानी खोज्न थाल्छ। यही कारण हरेक वर्ष उही दृश्य दोहोरिन्छ- कहिले इन्धन, कहिले मल, कहिले चिनी त कहिले औषधि । वस्तु फरक हुन्छन्, तर सरकारी कार्यशैली उही रहन्छ।

यसले देखाउँछ- समस्या वस्तुमा होइन, शासन गर्ने शैली र संस्कृतिमा छ। तर, दोष राज्यको काँधमा मात्रै थुपारेर पनि पूरा चित्र देखिँदैन, हामी नागरिकको व्यवहारले पनि संकटलाई थप जटिल बनाइदिन्छ।

नेपालमा कुनै वस्तु अभाव हुने हल्ला फैलिनासाथ आवश्यकताभन्दा धेरै किनेर थुपार्ने प्रवृत्ति पुरानै हो। अहिले पनि धेरैका घरमा एउटा भरिएको सिलिन्डर हुँदाहुँदै अर्को भर्ने हतारो हुन्छ । यसले वास्तविक अभावमा परेका र सञ्चय गर्ने उपभोक्ताबीच ठूलो असमानता सिर्जना गऱ्यो।

जसको घरमा ग्यास सकिएको थियो, उही लाइनमा बसिरह्यो, जसको घरमा पहिले नै थियो, उसैले थप सिलिन्डर थुपार्दै गयो । अभावभन्दा ठूलो समस्या त 'अभावको डर' बन्न पुग्यो। अर्थशास्त्रले यसलाई 'प्यानिक बाइङ' भन्छ । तर यसको जरा केवल नागरिक मनोविज्ञानमा मात्र होइन, राज्यप्रतिको अविश्वासमा पनि जोडिएको छ । नागरिकलाई भोलि सहजै ग्यास पाइन्छ भन्ने विश्वास छैन, त्यसैले आजै पाएका बेला भविष्यका लागि संकलन गर्न बाध्य हुन्छन्। यस अर्थमा हेर्दा, अस्वाभाविक मौज्दात गर्ने नागरिक पनि समस्याका कारण हुन्, तर त्यस्तो व्यवहार जन्माउने कमजोर राज्यव्यवस्था उत्तिकै जिम्मेवार छ।

सरकार ग्यास आयात भइरहेको दाबी गर्छ, व्यापारीहरू वितरण गरिरहेको बताउँछन्। तर त्यो ग्यास कहाँ गइरहेछ ? कसलाई वितरण भयो ? कुन डिलरमा कति आयो र कसले कति बेच्यो ? यी प्रश्नको पारदर्शी उत्तर कतै छैन।

पारदर्शिता नभएको ठाउँमा शंका जन्मिन्छ, शंकाले अफवाह फैलाउँछ र अफवाहले बजारलाई झन् अस्थिर बनाउँछ। सामान्य नागरिकको भोगाइ पनि यही छ पहुँच हुनेले फोनका भरमा ग्यास पाउँछन्, ठूला होटलमा सहजै पुग्छ, तर सर्वसाधारण भने दिनभर लाइनमै बिताउन बाध्य हुन्छन्।

यदि, यो धारणा गलत हो भने सरकारले तथ्यसहित स्पष्ट पार्नुपर्छ। यदि सही हो भने दोषीमाथि कठोर कारबाही हुनुपर्छ। सबैभन्दा खतरनाक अवस्था के हो भने न नागरिक ढुक्क छन्, न सरकार विश्वसनीय देखिन्छ। यही अविश्वासको फाइदा उठाउँदै कालोबजारी फस्टाउँछ।

जहाँ अभाव हुन्छ, त्यहाँ समस्या थुपारिन्छ । र, त्यसको फाइदा उठाउन कृत्रिम अभाव सिर्जना गर्ने, बढी मूल्यमा बेच्ने, पहुँचवालालाई प्राथमिकता दिने र बजार नियन्त्रणमा लिने खेल सुरु हुन्छ, जब राज्यको अनुगमन फितलो हुन्छ। कानुनको डर हराएपछि बजारको नैतिकता पनि खस्किन्छ। त्यसैले कालोबजारी केवल केही व्यापारीको बदमासी मात्र होइन, यो कमजोर नियमनको प्रतिविम्ब पनि हो।

तर सबैभन्दा गहिरो समस्या अझै अर्कै छ। नेपालमा ग्यास संकट पहिलोपटक आएको होइन। दशैं आउँदा यही समस्या दोहोरिन्छ, जाडो सुरु हुँदा यही दृश्य देखिन्छ, सीमामा अवरोध हुँदा फेरि यही अवस्था आउँछ। सरकार बैठक बस्छ, विज्ञप्ति निकाल्छ, केही दिनपछि संकट टर्छ र अर्को वर्ष फेरि उही कथा दोहोरिन्छ।

यो चक्र किन कहिल्यै टुट्दैन ? किनकि हामी समस्याको मूल कारण हटाउँदैनौं । हामीकहाँ संकटको स्थायी समाधान खोज्ने होइन, क्षणिक व्यवस्थापन गर्ने संस्कृति हुर्किएको छ । यसरी हेर्दा ग्यासको समस्या ऊर्जा नीतिको मात्र विषय होइन, यो राज्यको दीर्घकालीन सोचको परीक्षा पनि हो।

नेपालले अझैसम्म ग्यासको पर्याप्त रणनीतिक भण्डारण प्रणाली बनाउन सकेको छैन । आयात, भण्डारण, वितरण र अनुगमनलाई एउटै डिजिटल प्लेटफर्ममा जोड्न सकिएको छैन । प्रत्येक सिलिन्डर कहाँ पुग्यो भन्ने ट्र्याकिङ गर्ने प्रविधि छैन। त्यसैले अभाव हुँदा सरकारसँग ठोस तथ्यभन्दा बढी अनुमान मात्र हुन्छ।

अबको समाधान थप ग्यास आयात गरेर मात्र सम्भव छैन । पहिलो आवश्यकता पूर्ण पारदर्शिता हो, कुन उद्योगबाट कति ग्यास आयो, कुन डिलरमा कति पुग्यो र कति बिक्री भयो भन्ने विवरण सार्वजनिक हुनुपर्छ।

दोस्रो, प्रत्येक सिलिन्डरको डिजिटल ट्र्याकिङ प्रणाली लागू गर्नुपर्छ, ताकि एउटै व्यक्तिले अनावश्यक रूपमा धेरै सिलिन्डर कब्जा गर्न नसकोस्।

तेस्रो, कालोबजारी गर्ने उद्योगी, डिलर वा बिचौलियालाई राजनीतिक पहुँचका आधारमा नछोडी कडा कारबाही गर्नुपर्छ । चौथो, संकट आएपछि होइन, आउनुअघि नै पर्याप्त रणनीतिक मौज्दात राख्ने नीतिलाई कानुनी रूपमा अनिवार्य बनाउनुपर्छ।

बाँकी पृष्ठ ३ ▶▶

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।**

## आजको राशिफल

**मेष :** आजको दिन तपाईंका लागि सामान्यतया उत्साहजनक रहनेछ। कार्यक्षेत्रमा रोकिएका कामहरू बिस्तारै अघि बढ्नेछन् ।

**बृष :** साझेदारी र व्यापारिक काममा फाइदा हुने योग छ। नयाँ योजना बनाउन आजको दिन उपयुक्त छ।

**मिथुन :** प्रतिस्पर्धीहरूलाई पछाडि पार्दै आफ्ना योजनाहरू सफल बनाउन सक्नुहुनेछ।

**कर्कट :** सामाजिक र धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ जिम्मेवारी वा पदोन्नतिको अवसर मिल्न सक्छ।

**सिंह :** आज मेहनतको फल सोचेभन्दा राम्रो मिल्नेछ। प्रशासनिक वा सरकारी काममा सफलता हात पार्न सकिनेछ।

**कन्या :** कामको चाप बढे पनि नतिजा सकारात्मक आउनेछ। आर्थिक दृष्टिकोणले आजको दिन फलदायी रहनेछ।

**तुला :** आज मनमा थोरै अस्थिरता वा द्विविधा रहन सक्छ । ठूला निर्णयहरू लिनुअघि अनुभवी व्यक्तिको सल्लाह लिनु राम्रो हुनेछ।

**वृश्चिक :** आम्दानीका नयाँ स्रोतहरू पहिल्याउन सकिनेछ । लामो समयदेखि अड्किएका कामहरू सुचारु हुनेछन्।

**धनु :** कर्मक्षेत्रमा सफलता र प्रशंसा मिल्ने दिन छ । उच्च पदस्थ व्यक्तिहरूसँगको सम्बन्ध सुधारिनेछ।

**मकर :** भाग्यले साथ दिने हुनाले रोकिएका धेरै कामहरू बन्नेछन् । परोपकार र सामाजिक सेवामा मन जानेछ।

**कुम्भ :** खानपान र दिनचर्यामा ध्यान दिनुहोला। स्वास्थ्यमा केही सामान्य उतारचढाव आउन सक्छ।

**मीन :** दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन धेरै नै उत्तम छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# सिरहाबाट भारततर्फ लैजाँदै गरेको प्रतिबन्धित गाँजा बरामद

अपन दैनिक संवाददाता
सिरहा, साउन ३० गते

सशस्त्र प्रहरी बलको गस्ती टोलीले सिरहाको सीमावर्ती औरही गाउँपालिका- ४, खजनपुर गाउँबाट करिब ५० किलो प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार गणबाट खटिएको प्रहरी गस्ती टोलीले शुक्रबार बिहान करिब सवा ३ बजेतिर मोटरसाइकलमा लोड गरेर भारततर्फ लैजाँदै गरेको अवस्थामा ४९ किलो ७६० ग्राम प्रतिबन्धित गाँजा बरामद गरेका हो।

गाँजा लोड भएको भारतीय बिआर ३२ एम ३०५७ नम्बरको मोटरसाइकलका चालक भने प्रहरीलाई देखेपछि फरार भएकाले मोटरसाइकल र गाँजा बरामद गरी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने तयारी गरिरहेको उनले बताए।



**साढे आठ क्विन्टल गाँजासहित चार पक्राउ**

पछिल्लो २३ दिनको अवधिमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले जिल्लाको छुट्टाछुट्टै ठाउँबाट आठ क्विन्टल ४६ किलो ७१५ ग्राम गाँजा बरामदसँगै एक भारतीयसहित चारजना पक्राउ परेको सिरहा प्रहरीले जनाएको छ। प्रहरीका अनुसार २२ साउनको बिहान इलाका प्रहरी कार्यालय लहान र महेशबारीबाट खटिएको संयुक्त गस्ती टोलीले सखुवानन्कारकट्टी गाउँपालिका- ४ बाट ९१ किलो २५ ग्रामसहित एकजना पक्राउ गरेको थियो। त्यसको अघिल्लो दिन सोही क्षेत्रबाट इलाका प्रहरी कार्यालय महेशबारीबाट खटिएको गस्ती टोलीले बोरामा प्याक गरिएको ५३ किलो ४६५ ग्राम प्रतिबन्धित गाँजाजस्तो पदार्थ बरामद गरेको थियो।

त्यसअघि प्रहरीले ६ साउनमा लहान नगरपालिका- ३, नयाँबस्तीस्थित स्थानीयको घर-कम्पाउन्डमा पार्किङ गरेर राखिएको फलफूल लोड भएको पिकअप भ्यानबाट ६५२ किलो गाँजाजस्तो देखिने पदार्थसहित तीनजनालाई पक्राउ गरेको थियो।

प्रहरीले स्थानीय श्यामकुमारी साहको घर-कम्पाउन्डमा पार्किङ गरेर राखिएको बा.२१च ५८६६ नम्बरको भ्यानको पछाडि नासपती हालिएको प्लास्टिक क्रेटहरूमा ३१ वटा बोरा र दुईवटा प्लास्टिकमा लुकाएको गाँजाजस्तो पदार्थ बरामद भएपछि एक भारतीयसहित तीनजनालाई पक्राउ गरेको थियो।

# मिथिलाञ्चलमा झुलोनोत्सव सुरु



अपन दैनिक संवाददाता
सिरहा, साउन ३० गते

मिथिलाञ्चलमा शनिबारदेखि झुलोनोत्सव (झुला) पर्व सुरु भएको छ। साउन शुक्ल तृतीयादेखि सुरु भई झुलोनोत्सव पूर्णिमासम्म जारी रहन्छ।

झुलोनोत्सवमा मठमन्दिरमा सिंहासन निर्माण गरी सजाइएको गद्दीमा रामसीतासहित देवीदेउताका मूर्ति राखी झुलाउने परम्परा रहिआएको छ।

मिथिलाको सांस्कृतिक पर्वका रूपमा चिनिने झुलोनोत्सवको सुरुआत सन्त परम्पराको प्रारम्भदेखि भएको पौराणिक मान्यता रहेको जानकी मन्दिरमा छोटे महन्थ रामरोसन दास वैष्णवले बताए।

सन्तहरूले खुला चउर वा रुखको छहारीमा बास बसी झोलामा ल्याएको शालिग्रामलाई आसनमा राखी झुलाएको जनविश्वासका आधारमा मिथिलामा अहिलेसम्म पनि झुला उत्सवलाई निकै महत्वका साथ हेर्ने गरिएको उनको भनाइ छ।

मिथिलाका प्रत्येक मठ मन्दिरमा झुलोनोत्सव मनाउने गरिए पनि जनकपुरधामको मठ मन्दिर आकर्षणको केन्द्रका रूपमा मानिन्छ।

झुलोनोत्सवमा विशेषगरी भगवान् सीताराम र राधाकृष्णलाई झुलामा झुलाइने परम्परा रहँदै आएको छ।

जानकी मन्दिरसहित विभिन्न देवीदेवताको प्रतिमा रहेका प्रत्येक मठमन्दिरमा विशेष किसिमका सिंहासन निर्माण गरी सजाइएको गद्दीमा देवीदेवताको प्रतिमा राखी झुलाउने परम्परा छ।

यस उत्सवमा जनकपुरधामका मन्दिरबीच उत्सवभर रोचक प्रतिस्पर्धा हुने गर्दछ। एकातर्फ भगवान् राम र जानकीलाई झुलामा राखी झुलाइने गरिन्छ भने अर्कोतर्फ नाटक, नाचगान, भजनकीर्तन र लोक कथा सुनाइने गरिन्छ।

## क्यानडा पठाइदिन्छु भन्दै १२ लाख ८० हजार ............

सुशान्त सिंह रहेका छन्।

मुना मन्सुरीको जाहेरीले वैदेशिक रोजगारसम्बन्धी कसुर मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौँबाट पक्राउ अनुमति प्राप्त भई फरार रहेका प्रतिवादीहरू मध्येका सिंहलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो।

प्रहरीले उनलाई बुधबार काठमाडौँ महानगरपालिका वडा नं. ३० शङ्खमूलबाट नियन्त्रणमा लिएको हो। पक्राउ परेका सिंहलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको सूचना अधिकारी प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए।

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, सिरहा




## चुलो निभ्दाको आक्रोश ..............

तर राज्यले मात्र होइन, नागरिकले पनि आफ्नो दायित्व बिर्सनु हुँदैन। आफ्नो घर सुरक्षित गर्न अरूको चुलो निभ्ने अवस्था सिर्जना गर्नु सभ्य समाजको लक्षण होइन। अभावका वेला संयम, समानता र नागरिक जिम्मेवारी झनै आवश्यक हुन्छ।

अन्ततः अहिले देशमा देखिएको ग्यासको लाइन एउटा सिलिन्डरको खोजी मात्र होइन, यो नागरिकले राज्यसँग खोजिरहेको भरोसाको लाइन हो। जबसम्म सरकार पूर्वतयारीयुक्त बन्दैन, जबसम्म वितरण पारदर्शी हुँदैन, जबसम्म कालोबजारीमाथि कठोर नियन्त्रण हुँदैन र जबसम्म नागरिकले पनि अनावश्यक संकलन गर्ने प्रवृत्ति त्याग्दैनन्, तबसम्म हरेक केही महिनामा ग्यासको लाइन दोहोरिइरहनेछ। अनि त्यस दिन समस्या ग्यासको हुनेछैन, समस्या फेरि पनि व्यवस्थापनकै हुनेछ।

## लहान अस्पतालमा तत्काल ट्रमा युनिट सञ्चालन हुन्छ ............

प्रदेश सरकारले हालै २९ जना विशेषज्ञ चिकित्सक पठाइसकेको जानकारी दिँदै मन्त्री मेहताले ट्रमा युनिटका लागि अर्थोपेडिक सर्जन र एनेस्थेसिया विज्ञसहित आवश्यक जनशक्ति व्यवस्थापन गरिने बताइन्।

लहान अस्पतालमा सीटी स्क्यान मेसिन उपलब्ध भए पनि रेडियोलोजिस्टको अभावमा सेवा प्रभावित भइरहेको विषयमा समेत मन्त्री मेहताले आवश्यक जनशक्ति व्यवस्थापनमा सरकारको ध्यान रहेको बताइन्।

"हाम्रो उद्देश्य एउटै हो, दुर्घटनामा परेका नागरिकले समयमै उपचार पाऊन् र उपचारका लागि काठमाडौँ धाउनुपर्ने बाध्यता अन्त्य होस्," उनले भनिन्।

मन्त्री मेहताले प्रस्तावित ट्रमा सेन्टर निर्माणका लागि तय गरिएको जग्गाको निरीक्षण गर्नुका साथै प्रादेशिक अस्पताल लहानको समेत निरीक्षण गरेकी थिइन्। निरीक्षणका क्रममा अस्पतालबाट उपलब्ध भइरहेको सेवा, पूर्वाधारको अवस्था तथा ट्रमा युनिट सञ्चालनका लागि आवश्यक तयारीबारे जानकारी लिइएको थियो।

**स्वास्थ्य बीमा बन्द नभएको दाबी**

कार्यक्रममा उपस्थितहरूले स्वास्थ्य बीमासम्बन्धी विषयमा उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री मेहताले स्वास्थ्य बीमा कार्यक्रम पूर्ण रूपमा बन्द नभएको स्पष्ट पारिन्। निजी अस्पतालमा मात्र बीमा सेवा रोकिएको र सरकारी अस्पतालमा सेवा यथावत् रहेको उनले बताइन्।

उनका अनुसार करिब ९३ प्रतिशत नागरिक सरकारी अस्पतालमा निर्भर रहेकाले सरकारी स्वास्थ्य संस्थामार्फत बीमा सेवा प्रभावकारी बनाउने सरकारको प्राथमिकता छ। स्वास्थ्य बीमालाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक सुधारको काम भइरहेको उनले बताइन्।

विगतको बक्यौता भुक्तानी भइरहेको र स्वास्थ्य बीमाका केही प्याकेज पुनरावलोकन गरिने जानकारी दिँदै उनले फागुनसम्मको बक्यौता भुक्तानी भइसकेको दाबी गरिन्।

**एन्टी स्नेक भेनम अभाव हुन नदिने**

तराई क्षेत्रमा देखिएको एन्टी स्नेक भेनमको अभावबारे पनि मन्त्री मेहताले औषधि आपूर्तिको अवस्था सुधार हुँदै गएको बताइन्।

उनका अनुसार काठमाडौंमा ८ हजार ५ सय भायल एन्टी स्नेक भेनम आइपुगेको छ र आइतबारदेखि देशका विभिन्न भागमा वितरण सुरु गरिनेछ। केही अस्पताल तथा सैनिक क्याम्पमा मौज्दात कम भए पनि औषधिको पूर्ण अभाव हुन नदिने उनले बताइन्।

लहानमा ट्रमा सेवा विस्तारसँगै अस्पतालको समग्र स्वास्थ्य सेवा सुधारका विषयमा समेत मन्त्री मेहताले आवश्यक पहल गर्ने बताइन्।

उक्त अवसरमा सिरहा क्षेत्र नम्बर १ का सांसद बब्लु गुप्तासहित राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो।

## मधेश प्रदेशमा निजामती तथा स्थानीय सेवाका ............

निर्णय गरिएको छ। यस निर्णयले प्रदेशको कृषि चक्र र खाद्य शृङ्खलालाई जलवायु उत्थानशील बनाउन अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा नीजि क्षेत्रको लगानी भित्र्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**२. प्रदेश निजामती तथा स्थानीय सेवाका कर्मचारीको तलबमान स्वीकृत:**

मधेश प्रदेश सरकारको आ.व. २०८३/८४ को बजेट वक्तव्यको बुँदा नं. १११ को नीतिगत व्यवस्था अनुसार मिति २०८३ साउन १ गतेदेखि लागू हुने गरी प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका सम्पूर्ण श्रेणी र तहका कर्मचारीहरूको सुरु स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गरी नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड सङ्ख्या स्वीकृत गरिएको छ। स्थानीय सेवाका कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ (८) बमोजिम यो निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

**३. कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८३ स्वीकृति:**

कर्मचारीको मनोबल उच्च बनाउँदै सेवा प्रवाहलाई नतिजामुखी र पारदर्शी बनाउन सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्ने सम्बन्धी कार्यविधि स्वीकृति गरिएको छ। कुल १०० अङ्क भार (कार्य विवरण परिसूचक ५० अङ्क र वैयक्तिक/सार्वजनिक सेवा प्रवाह परिसूचक ५० अङ्क) मध्ये न्यूनतम ७५ अङ्क प्राप्त गर्ने कर्मचारीले मात्र यो भत्ता प्राप्त गर्नेछन्। प्रोत्साहन भत्ताका लागि विद्युतीय हाजिरी (E-Attendance) अनिवार्य गरिएको छ। मूल्याङ्कन, रुजु र सिफारिसका लागि प्रत्येक कार्यालयमा ३ सदस्यीय 'परीक्षण इकाई' गठनको सिफारिश गरेको छ।

**४.मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३ स्वीकृति:**

सरकारी खर्चमा मितव्ययिता, वित्तिय अनुशासन र पारदर्शिता कायम गर्न नयाँ खर्च मापदण्ड निर्देशिका जारी गरिएको छ। प्रदेश सरकारको बजेट कार्यान्वयन र सरकारी खर्चलाई थप मितव्ययी, पारदर्शी र व्यवस्थित बनाउन अर्थ मन्त्रालयबाट पेस भएको "प्रदेश मापदण्ड निर्देशिका, २०८३" लाई स्वीकृत गर्ने निर्णय गरिएको छ। यस निर्देशिकाको कार्यान्वयनसँगै सरकारी कोषको समुचित प्रयोग हुने र फजुल खर्च नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा् गरिएको छ।

# विद्युत सट भई आगलागी हुँदा चार लाख बराबरको क्षति

अपन दैनिक संवाददाता
सिरहा, साउन ३० गते



सिरहाको कल्याणपुर नगरपालिका-९ डुमरी गाउँमा विद्युत सट भई आगलागी हुँदा करिब चार लाख रुपैयाँ मूल्य बराबरको धनमाल जलेर नष्ट भएको छ।

प्रहरीका अनुसार शनिबार बिहान करिब १ बजेतिर धनुवा मण्डल खत्वेको काठ, बाँसको भित्ता र जस्ताको छानो हालिएको दुई कोठाको एक तले घरसहित धनमाल जलेर नष्ट भएको हो।

आगलागी भएको सूचना पाए लगत्तै कल्याणपुरस्थित इलाका प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक राजिवराज शर्माको कमाण्डमा खटिएको टोलीले गोलबजारबाट गएको बारुण यन्त्र र स्थानीय बासिन्दाको सहयोगमा करिब एक घण्टापछि आगो पूर्ण रुपमा निभाइएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार आगलागीमा जस्ता हालिएको घरसहित घरभित्र राखिएको लत्ताकपडा, भाँडावर्तन, धान चामल, गहुँ, पानी तान्ने विद्युतीय मोटर, डिजेल र काठको प्लाईसहित करिब चार लाख रुपैयाँ बराबरको आर्थिक क्षति भएको तर मानवीय तथा चौपायाँको क्षति भएको छैन।




# दाइजो प्रथा अन्त्यका लागि सामूहिक पहल आवश्यक: उपसभामुख ठाकुर

अपन दैनिक संवाददाता
जनकपुरधाम, साउन ३० गते

प्रतिनिधि सभाकी उपसभामुख रुबी ठाकुरले दाइजो प्रथा अन्त्यका लागि समाजका सबै पक्षको सामूहिक पहल आवश्यक रहेको बताएकी छन्।

धनुषाको ढल्केबरमा शनिबार आयोजित नाई सहयोग संस्था नेपालको दोस्रो अधिवेशन तथा चौथो साधारण सभाको उद्घाटन गर्दै उनले दाइजोका कारण हुने सामाजिक विकृति, दबाब र अन्याय अन्त्य गर्न सबैले एकजुट भएर काम गर्नुपर्ने बताइन्।

उपसभामुख ठाकुरले ठाकुर समुदायलाई सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक रूपमा अघि बढाउन आपसी सहयोग र एकता आवश्यक रहेको उल्लेख गरिन्। दाइजो लिएर वा दिएर विवाह गर्ने तथा दाइजोका लागि दबाब दिने कार्य कानुनविपरीत भएकाले त्यस्तो कार्यमा कानुनी कारबाही हुने उनले चेतावनी दिइन्।

'छोरीको विवाह गर्दा दाइजो नदिनुहोस्, छोराको विवाह गर्दा दाइजो नलिनुहोस्,' उनले भनिन्।

दाइजोका कारण कसैमाथि दबाब वा अन्याय भए आफूलाई जानकारी गराउन आग्रह गर्दै उनले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

कार्यक्रममा सिरहा नाई समाजका तर्फबाट श्यामकुमार ठाकुरले हजाम (ठाकुर) समुदायको सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक उत्थानका साथै राज्यका विभिन्न निकायमा प्रतिनिधित्व सुनिश्चित गर्न माग गर्दै उपसभामुख ठाकुरलाई ज्ञापनपत्र बुझाएका थिए।




## कारागारबाट फरार कैदीको संख्या ठूलो ..........

पछि यथाशीघ्र निर्णय लिन सकेमा त्यहाँ हुन सक्ने क्षति तथा संगठित गतिविधि रोक्न सहयोग पुग्ने बताए।

उनका अनुसार जेनजी आन्दोलनका क्रममा फरार भएका ६८२ जना अझै पक्राउ पर्न बाँकी छन्। त्यसैगरी, विभिन्न कारागारबाट फरार भएका १३ हजार ५८९ जनामध्ये तीन हजारभन्दा बढी अझै पक्राउ पर्न बाँकी रहेको उनले जानकारी दिए।

'कारागारबाट फरार भएकाहरूको संख्या ठूलो छ। हामीले कारागारमा जति कैदी राखेका छौँ, त्योभन्दा ठूलो संख्या फरार रहेको अवस्था छ। उनीहरू स्वदेश तथा विदेशमा फरार छन्। फरार भइरहने अवस्था पनि विद्यमान छ,' उनले भने।

फरार व्यक्तिको संख्या घटाउन विभिन्न सरकारी निकायमा दर्ता भएका मुद्दाको विवरण प्रहरीको केन्द्रीय अभिलेख प्रणाली (सीआरएस) मा एकीकृत रूपमा समावेश गर्नुपर्नेमा उनले जोड दिए।

उनले वन, सम्पत्ति शुद्धीकरण, राजस्व, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा वैदेशिक रोजगार विभागलगायतका निकायले चलाएका मुद्दाको विवरण प्रहरीको सीआरएसमा समयमै नआउँदा समस्या हुने गरेको बताए।

'ती मुद्दाहरू प्रहरीको सीआरएस सिस्टममा नपठाइएका कारण मुद्दा चल्दाकै अवस्थाबाट सूचना अलग-अलग प्रणालीमा रहन्छ,' उनले भने।

आईजीपी कार्कीले नेपाल प्रहरीको सीआरएसलाई सेन्ट्रल सीआरएस प्रणाली बनाउने नीति रहे पनि अन्य निकायबाट आवश्यक सूचना प्रहरीको प्रणालीमा नआएको बताए। उनले सबै निकायका मुद्दा तथा अभियुक्तसम्बन्धी विवरणलाई एकीकृत प्रणालीमा जोड्न आवश्यक रहेको बताए।

# एक सरकारी अधिकृतबाटै अर्को अधिकृत बलात्कृत, न्याय नपाएपछि धर्नास्थलमै यस्तो

अपन दैनिक संवाददाता
काठमाडौं, साउन ३० गते



एक सरकारी महिला अधिकृतले आफ्नै सहकर्मीबाट बलातकृत भएको र जिल्ला अदालतले प्रमाणको अन्देखा गरि पीडकलाई ५ लाख धरौटीमा उन्मुक्ति दिएको आरोप लगाएकी छन्।

शनिबार राजधानीको संवाद डबलीमा भएको पत्रकार सम्मेलनमा नाम उल्लेख गर्न नचाहेकी पीडितले २ महिनादेखि न्यायका लागि माईतिघर मण्डलामा धर्ना बसिरहेको जानकारी दिइन्। ती पीडितले बलात्कार जस्तो गम्भीर अपराधमा अनुसन्धानका लागि पुर्पक्षमा राख्नुपर्नेमा पीडक प्रमोद मैनालीलाई ५ लाख धरौटीमा काठमाडौं जिल्ला अदालतले छाडेको भन्दै दुःखेसो व्यक्त गरिन्।

'म एक मधेशको चेली, मेरो समाज कस्तो छ, सबैलाई थाहा छ, मलाई कति गाह्रो परिरहेको छ, तर पनि न्यायका लागि लड्दा खोई न्यायालयको न्याय', उनले प्रश्न गरिन्।

उनले बारा जिल्ला कोल्हबी नगरपालिका हनुमानगन्ज स्थायी घर भएका लेखा अधिकृत प्रमोद मैनालीको जबरजस्तिकरणीको मुद्धामा काठमाडौं जिल्ला अदालतबाट ५ लाख धरौटीमा छुटेको पीडा व्यक्त गरिन्।

त्यसपछि आफू न्यायको लागि उच्च अदालत पाटनमा गएको र सोले पनि जिल्लाकै निर्णयलाई सदर गरेपछि पीडा सहन नसकी विष खाएर आत्महत्याको प्रयास गरेको पीडिले बताइन्।

हाल किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौंडामा कार्यारत मैनालीले काठमाडौं स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय सुन्धारमा कार्यारत हुँदा २०८१ माघमा आफूलाई बलात्कार गरेको बताइन्। बलात्कारपछि पनि विभिन्न दबाब आएको बताउँदै भनिन्, 'म स्वयम ठूलो संघर्षबाट सरकारी सेवामा पुगेकोले आफैले घटना दबाउन खोज्दा पीडकबाट थप 'सेक्सुअल हर्यास्मेन्ट' र धम्किले कानुनी उपचार खोज्न बाध्य भएँ।'

जिल्ला र उच्चको निर्णयपछि सर्बोच्च अदालतमा मुद्धा चलिरहेको र ४/४ पटकसम्म पेशी सरेको कारण माइतिघर मण्डलामा धर्ना बसिरहेको बेला हातको नशा काटी आत्महत्या गर्ने प्रयास गरेको उनले दुःखेसो व्यक्त गरिन्।

पीडितको न्यायका लागि साथ दिइरहेकी जेनजी अभियन्ता लक्ष्मी देवीले एकजना सरकारी कर्मचारीलाई नै न्याय दिन नसक्ने राज्यले आम नागरिकलाई न्याय दिन सक्छ, भन्दै प्रश्न गरिन्। विभिन्न पटक गरेर ३ पटकसम्म आत्महत्या गर्ने प्रयास गर्दा पनि राज्यले पीडितको आवाज नसुन्नु राज्य सून्य अवस्थामा रहेको देवीको कथन छ।

उच्च अदालत पाटनले काठमाडौं जिल्लाकै निर्णय सदर गरिसकेपछि पीडितले विष खाएकी र सर्बोच्च आदालतमा विभिन्न बहाना बनाएर सर्बोच्च अदालतले पेशी सारी राखेको पीडामा माइतिघर मण्डलामै हात काटेर आत्महत्या गर्ने प्रयास गरेको देविले बताईन्।

कहिले 'हात काटेर' त कहिले 'विष सेवन' गरेर ती पीडितले आत्महत्या गर्ने प्रयास गर्नुभयो समयमै हामीले बचायौं, अब पनि यस्तै हुँदै गर्दा उनको ज्यान गयो भने को जिम्मेवार हुन्छ, देवीले प्रश्न गरिन्।

## सरकारी जग्गाको अतिक्रमण हटाउन अदालतको आदेश ...........

२७२ मा गत पुस ३० र चलानी नं ३९२ मा वैशाख ९ को कोलेनिकाको पत्रहरु तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्न अल्पकालीन अन्तरिम आदेश जारी गर्दै जेठ ७ मा छलफलका लागि पेसी तोकेको थियो।

छलफलअघि झाले गत जेठ १ मा उत्प्रेषण सम्बन्धी थप अर्को रिट दायर गरेका छन् भने परमादेश सम्बन्धी रिटमा जेठ ७ मा छलफल हुँदा न्यायाधीशद्वय अचुतमकुमार आचार्य र माधव धितालको संयुक्त इजलासले प्रमाण पेस गर्न विपक्षीको नाममा आदेश भएको थियो। झाले कोलेनिका, पालिका, जिल्ला प्रशासन कार्यालयलगायतलाई विपक्षी बनाएका छन्।

जेठ २१ मा पुनः सोही आदेशलाई निरन्तरता दिइएको छ भने असार ४ र १८ तथा साउन २८ मा पेसी तोकिएको सो रिटमाथिको सुनुवाई 'हेर्न नमिल्ने' मा गएको अदालतका रजिष्ट्रार लोकनाथ पराजुलीले बताए। 'यसअघि आदेश गर्नुभएका श्रीमान्हरुकै इजलासमा सो रिटको सुनुवाइ परेपछि हेर्न नमिल्नेमा गएको छ', उनले भने।

उनकाअनुसार सो रिटमाथि सुनुवाइका लागि भदौ ११ मा अर्को पेसी तोकिएको छ। ती सरकारी जग्गाका विषयमा यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरेर पठाएको पत्रअनुसार ०८२ जेठ २२ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले अतिक्रमित सरकारी खाली गराउन क्षेत्राधिकार रहेको स्थानीय तहलाई पत्राचार निर्णय भएको थियो। सोही निर्णयअनुसार कालेनिकाले पालिकामा पत्राचार गरेको थियो।




